# डिभिजन वन कार्यालय, झापाबाट संचालन हुने कृषि-वन सम्बन्धि क्रियाकलापहरुको कार्य सञ्चालन मार्गदर्शन, २०७७

# डिभिजन वन कार्यालय, झापाबाट संचलन हुने कृषि-वन सम्बन्धि क्रियाकलापहरुको कार्यसञ्चालन मार्गदर्शन, २०७७

## १. पृष्ठभूमि :

डिभिजन वन कार्यालय,झापा मार्फत आ.व. २०७६।७७ मा संचालन हुने गरी १ नं. प्रदेश सरकारबाट स्विकृत तपसिल बमोजिम कृषि वन प्रवर्द्धन एवं कृषि वन विकास तथा विस्तार कार्यक्रम संचालन गर्न स्वीकृत भएको छ ।

| ब.हि.न. | खर्च शिर्षक | कृयाकलापको सि.न. | कृयाकलाप | स्पीकृत बजेट(रु.) हजारमा |
|---|---|---|---|---|
| ३०७०२१०३३ | २२५२२ | २.७.२१.१२ | कृषि वन प्रणाली प्रबर्धन कार्यक्रम | २०० |
| ३०७०२१०४४ | ३११५७ | ११.४.१७.१२ | कृषि वन विकास तथा विस्तार कार्यक्रम | ५०० |
| ३०७०२१०४३ | २२५२२ | २.७.५.३७ | निजी क्षेत्र निजीवन संजालसँग समन्वय गरी कृषि वन प्रवर्द्धन कार्यक्रम | ३०० |
| कुल बजेट | | | | १००० |

उपरोक्त कृयाकलापहरु सम्पन्न गराउन कार्यक्रम संचालन तथा कार्यान्वयन मार्गदर्शन ,२०७६ तथा उधोग, पर्यटन,वन तथा वातावरण मन्त्रालयबाट प्रदान गरीने अनुदान सम्बन्धी कार्यविधी,२०७६ अनुरुप काम गर्न यो कार्य सञ्चालन मार्गदर्शन तयार गरिएको हो ।

## २. उद्धेश्य :

- ✓ नीजि एवं सार्वजनीक तथा खस्केको वन क्षेत्रमा कृषि वन मार्फत हरियाली प्रवर्द्धन गरी जमिनको उत्पादकत्वमा सुधार ल्याउने ।
- ✓ विभिन्न प्रजातीका डाँलेघाँस , जडिवुटी तथा फलफुलको प्रवर्धनबाट स्थानीय ब्यक्ति र समुदायको आयआर्जनमा टेवा पुऱ्याउने ।

## ३. कार्यक्रम संचालन प्रक्रिया

क) यस कार्यक्रम अर्न्तगत झापा जिल्लामा रहेका निजी कृषि वन, खेर गईरहेका सार्वजनीक जग्गा तथा हैसियत बिग्रेका जग्गाहरुमा कृषि वनको विस्तार र प्रवर्द्धन गरिनेछ ।

ख) नीजि कृषक,कृषक समूह, सहकारी,दर्ता भएका कृषि वनमा आवद्ध संस्था वा कम्पनीसँग साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।

ग) कार्यक्रम स्वीकृत भई सम्झौता भए पश्चात कार्यक्रम संचालनको जिम्मेबारी सम्बन्धित लाभग्राही पक्षको हुनेछ । डिभिजन वन कार्यालयले आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउनेछ तथा कार्यक्रमको अनुगमन गर्ने छ ।

घ) कार्यक्रम संञ्चालनका लागि प्रस्ताव आव्हान बमोजिम पर्न आएका प्रस्तावहरु दफा ५ बमोजिमको समितिले मूल्यांकन गरी छनौटका लागि सिफारीस गर्नेछ र डिभिजन वन कार्यालयले छनौटको निर्णय गर्नेछ ।

ङ) कार्यक्रम संचालनका लागि जमीनको क्षेत्रफल न्यूनतम १ विघा हुनुपर्नेछ । एकै ब्लक(चक्लावन्दी), सीमा जोडिएको जग्गा तथा अधिकतम क्षेत्रफलमा कृषि वन संचालन गर्नेलाई प्राथमिकता दिईनेछ ।

च) प्राविधिक ज्ञान,दक्षता र अनुभव भएका प्रस्तावकहरुलाई प्राथमिकता दिईनेछ ।

छ) यस कार्यक्रममा तपसिल बमोजिमका कृयाकलापहरुलाई समावेश गरिनेछ र स्थान विशेष उपयुक्तत्ता एंव कार्यान्वयन समितिको सिफारिस अनुसार अन्य कृषि वन वालीहरु थप गर्न समेत सकिनेछ ।

| सि.न. | कृयाकलापको नाम | बजेट रु( हजारमा) | लक्षित कृयाकलापहरु | संचालन हुने क्षेत्र |
|---|---|---|---|---|
| १ | कृषि वन प्रणाली प्रबर्धन कार्यक्रम | २०० | बहुवर्षीय वन,डाँलेघास,फलफुल,जडीवुटी प्रजातीका विरुवाहरु , प्राङ्गगारिक मल, सिँचाई आदीमा उपयोग गर्न | निजी दर्ता जग्गा तथा सार्वजनीक तथा हैसियत विग्रेको वन, नदी उकास क्षेत्र |
| २ | कृषि वन विकास तथा विस्तार कार्यक्रम | ५०० | नीजी जग्गा, सार्वजनीक जग्गा हैसियत बिग्रेको जग्गामा निजी क्षेत्र/सामुदायिक वन/सहकारीको माध्यमबाट बहुबर्षीय वन प्रजाती,डाँलेघाँस,फलफुल,भूसंरक्षण,गै.का.व.पै.,कृषि वन बालीका लागि व्यवसायिक उत्पादन, प्राङ्गगारिक/जैविक मल, सिँचाई आदीमा उपयोग गर्न | निजी दर्ता जग्गा तथा सार्वजनीक तथा हैसियत विग्रेको वन, नदी उकास क्षेत्र |
| ३ | निजी क्षेत्र निजीवन संजालसँग समन्वय गरी कृषि वन प्रवर्द्धन कार्यक्रम | ३०० | कृषि वनमा डाँलेघाँस,फलफुल,अन्य बहुबर्षिय रुखहरु तथा जडीवुटी प्रजातिका विरुवहरु रोपण | निजी दर्ता जग्गा वा निजी वनमा |

## ४. सूचना प्रकाशन तथा प्रस्ताव संकलन :

क) डिभिजन वन कार्यालयले दफा (५) बमोजिम कार्यक्रम कार्यान्वयन समिति गठन गरी कार्यक्रम संचालनको लागि अनुसुचि (१) बमोजिमको प्रस्ताव आव्हानको लकडाउनको बिशेष परिस्थीती र आर्थिक बर्ष समाप्त हुने क्रमलाई मध्यनजर गरी सूचना (७ दिने) प्रकाशन गर्ने र सो को विस्तृत सूचना कार्यालयको सामजीक संजाल तथा वेवसाईटमा , सब डिभिजन वन कार्यक्रममा टाँस गर्नेछ ।

ख) उपदफा (क) बमोजिम सूचना प्रकाशन भएपछि इच्छुक कृषक/फर्म/कम्पनी/संस्था//समूह वा सहकारी तथा उपभोक्ता समितिहरुले सूचनामा तोकिएको म्याद भित्र अनुसुची(२) अनुसारको आवेदन तथा संलग्न कागजातहरु तथा अनुसुची (३) बमोजिमको प्राविधिक र आर्थिक प्रस्ताव संलग्न राखी डिभिजन वन कार्यालय,झापामा आवेदन दर्ता गराउनु पर्नेछ ।

## ५. कार्यक्रम कार्यन्वयन समिति :

यस कार्यक्रमको प्रस्ताव छनौट,मूल्यांकन तथा कार्यक्रम अनुगमन गर्न तपशिलको कार्यक्रम कार्यन्वयन समिति रहनेछ ।

क) सहायक वन अधिकृत, डिभिजन वन कार्यालय ( योजना शाखा), झापा १

ख) कृषि ज्ञान केन्द्र वा संवन्धित स्थानीय तहको कृषि शाखामा कार्यरत प्राविधिक १

ग) सहायक वन अधिकृत, सम्बन्धित सब डिभिजन वन कार्यालय १

कार्यक्रमको सम्झौता भई संचालन भए पश्चात सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कृषि प्राविधिकलाई समेत कार्यक्रम अनुगमन अनुगमनमा संलग्न गराईने छ । समितिले आवश्यकता अनुसार २ जना बिषय विज्ञलाई समितिको कार्यमा सहयोग गर्न आमन्त्रण गर्न सक्नेछ । कार्यक्रम सञ्चालन पश्चात पनि सम्बनिधत सब डिभिजन वन कार्यालयले आवधिक अनुगमन गरी सो को जानकारी डि.व.का.मा पठाउने छ ।

## ६. कार्यक्रम कार्यन्वयन समितिको काम,कर्तव्य र अधिकार :

क) अनुसुचि (१) बमोजिमको सुचना आव्हान गर्ने ।

ख) प्रस्तावहरुको प्राविधिक आर्थिक मूल्यांकन र छनौट गरी सिफारीस गर्ने ।

ग) सम्झौता भई संचालन भएका कृयाकलापहरुको अनुगमन गरी प्रतिवेदन दिने ।

घ) आवश्कता अनुसार लाभग्राहीहरु प्राविधिक सहयोगका लागि समन्वय गर्ने ।

## ७. प्रस्ताव मूल्यांकन, छनौट र सम्झौता

क) अनसुचि (१) को सूचना बमोजिम अनुसुची(३) अनुसार पर्न आएका प्रस्तावहरुको मूल्यांकनको काम प्रस्ताव पेश गर्ने अन्तिम दिनको ५ दिनभित्र सम्पन्न गरी पेश गर्नेछ ।

ख) प्रस्तावहरुको प्रारम्भिक मूंल्यांकन गर्दा अनसुचि(२) अनुसारको आवेदन संलग्न कागजातहरु भएका प्रस्तावहरु मात्र स्थलगत निरिक्षण र थप मूल्यांकनका लागि योग्य हुने छ्न ।

ग) समितिले अनसुचि(४) मा तोकिएको मूल्यांकन शिर्षक र अंकभार भित्र रही आवश्यकता अनुसार थप मूल्यांकनका उपशिर्षक निर्धारण गर्न सक्नेछन् ।

घ) अनुगमनका क्रममा प्रस्तावमा पेश गरिएको विवरण झुठो ठहरिएमा वा प्राविधिक रुपले अनुपयुक्त देखिएमा वा आवश्यक न्यूनतम मापदण्ड पुगेको नपाईएमा वा अन्य निकायबाट अनुदान प्राप्त गरेको पाईएमा सो प्रस्ताव अयोग्य ठहर गरी बाँकि प्रस्तावहरुको मूल्यांकन अघि बढाईनेछ ।

ङ) स्वीकृत बजेटको परिधिभित्र रहने गरी अनुसुची(४) बमोजिम मूल्यांकनमा सबैभन्दा बढी अंक प्राप्त गर्ने प्रस्ताव (एक वा सो भन्दा बढी संख्यामा) कार्यक्रम संचालनका लागि छनौट गरिने छ ।

च) पेश गरेको प्रस्तावमा कुनै निकायबाट अनुदान प्राप्त गरेको भए मूल्यांकनमा कम प्राथमिकता दिईने छ ॥

## ८. संचालन हुने कृयाकलाप तथा सहजीकरण सेवा :

तपसिल बमोजिमका कृयाकलापहरुमा देहाय बमोजिमका कृयाकलाप तथा सहजीकरण सेवा सुविधा उपलब्ध हुनेछ ।

| क्र.स. | कृयाकलाप | सहजीकरण सेवा सुविधा | कैफियत |
|---|---|---|---|
| १ | कृषि वन प्रणाली प्रबर्धन कार्यक्रम | • जमीन तयारी, विरुवा खरीद , ढुवानी ,घेराबारा, खाडल खन्ने,मल तथा सिचाई व्यवस्थापन वा निजीवनमा पशुपंक्षीपालनका लागि खोर,टहरा निर्माणमा ५० प्रतिशत सम्म अनुदान | स्वीकृत लागत अनुमान स्थानिय/जिल्ला दररेट र वन तथा वातावरण मन्त्रालयको नर्मस तथा संवन्धित बिषगत प्राविधिकबाट तयार गरीएको आधारमा |
| २ | कृषि वन विकास तथा विस्तार कार्यक्रम | • कृषि वन संरक्षण , जडीवुटी खेती ,डाँलेघास, फलफुलका विरुवा खरीद, ढुवानीमा,मेसीन उपकरण खरीदमा ५० प्रतिशत सम्म अनुदान | |
| ३ | निजी क्षेत्र निजीवन संजालसँग समन्वय गरी कृषि वन प्रवर्द्धन कार्यक्रम | • कृषि वनमा डाँलेघाँस,फलफुल,अन्य बहुबर्षिय रुखहरु तथा जडीवुटी प्रजातिका विरुवहरु खरीद , रोपण,जमीन तयारी,संरक्षण , सिँचाई आदीमा पचास प्रतिशत अनुदान | |

**९. लागत इस्टिमेट र सम्झौता**

क) प्रस्ताव छनौट पश्चात लाभग्राहीलाई कार्यालयबाट सूचना गराईएको ७ दिन भित्र लाभग्राहीले प्रस्ताव बमोजिम कृषि वन कार्यक्रमका लागि विषयगत प्राविधिक मार्फत सर्वेक्षण गराई लागत इस्टिमेट तयार गरी स्वीकृतीका लागि डिभिजन वन कार्यालयमा पेश गर्नुपर्ने छ ।

ख) स्वीकृत इस्टिमेटका आधारमा डिभिजन वन कार्यालय र लाभग्राही बीच अनुसुची(५) बमोजिमको ढाँचामा सम्झौता गरिनेछ ।

ग) लाभग्राहीले यस कार्यक्रम बापत प्राप्त रकम र निजले लागत सहभागिताको रकम समेत कार्यक्रम स्थलमा सबैले देखिने गरी हो्डिङ्ग बोर्ड राखी सो मा स्पष्ट खुलाउनु पर्नेछ ।

घ) कार्यक्रमको लागत इस्टिमेट गर्दा कूल रकमको ३ प्रतिशत रकम कन्टिजेन्सी स्वरुप राखिनेछ । उक्त रकम समितिबाट हुने मूल्यांकन खर्च , प्राविधिकको दैनिक तथा भ्रमण भत्ता र समितिको बैठक व्यवस्थापन आदि खर्चमा प्रयोग गरिनेछ ।

**१०. खर्च सम्बन्धी व्यवस्था :**

क) कार्यक्रम संचालनका लागि उपलब्ध गराईने अनुदान रकम तथा खर्च यस कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

ख) लाभग्राहीलाई कार्य सम्पन्न पश्चात अनुगमनका आधारमा सम्झौता बमोजिमको रकम उपलब्ध गराईनेछ ।

**११. अनुगमन र प्रतिवेदन :**

क) यस कार्यक्रमको सम्पूर्ण तयारीको  कार्य दफा (५) बमोजिमको समितिबाट गरिनेछ

ख) प्रक्रिया अभिलेखीकरण,अनुगमन र प्रतिवेदनको कार्य संवन्धित सब डिभिजन वन कार्यालयबाट हुनेछ ।

ख) यस कार्यक्रमको समग्र प्रतिवेदन दफा (५) समितिले तयार गरी डिभिजन वन कार्यालयमा पेश गर्नेछ ।

अनसुची १

(दफा ४ को उपदफा १ सँग सम्बन्धित)

प्रस्ताव आव्हानको संक्षिप्त र विस्तृत सूचना

(क) संक्षिप्त सूचना

**डिभिजन वन कार्यालय, झापा**

## कृषि वन कार्यक्रम संचालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मिति :**

यस कार्यालयको चालु आ.व.२०७६।७७ मा निम्न कार्यक्रमहरु सम्पन्न गर्नुपर्ने भएकोले यस जिल्ला भित्रको कम्तिमा १ विघा जग्गामा कृषि वन योजना सञ्चालन गर्न ईच्छुक नीजि कृषि वन संचालकहरु, सार्वजनीक जग्गामा कृषि वन संचालन गरेका संघसंस्था , संजाल तथा समूहहरुले तोकिएको ढाँचामा प्रस्ताव पेश गर्न यो ७ ( सात) दिने सूचना प्रकाशन गरिएको छ । प्रस्तावको ढाँचा यस कार्यालय तथा सब डिभिजन वन कार्यालयहरु मार्फत प्राप्त गर्न सकीने छ । थप जानकारीका लागि कार्यालय समय भित्र फोन न. ०२३४५५०५३ मा सम्पर्क गर्न सकिनेछ ।

**तपसिल**

| सि.न. | कार्यक्रमको नाम | इकाई | परिमाण | स्विकृत रकम (रु) हजारमा |
|---|---|---|---|---|
| १ | कृषि वन प्रणाली प्रबर्धन कार्यक्रम | प्याकेज | १ | २०० |
| २ | कृषि वन विकास तथा विस्तार कार्यक्रम | प्याकेज | १ | ५०० |
| ३ | निजी क्षेत्र निजीवन संजालसँग समन्वय गरी कृषि वन प्रवर्द्धन कार्यक्रम | प्याकेज | १ | ३०० |

## (ख) विस्तृत सूचना

### डभिजन वन कार्यालय, झापा

### कृषि वन कार्यक्रम संचालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशन मिति :

यस कार्यालयको आ.व.०७६।७७ को यस कार्यालयको स्विकृत बार्षिक देहायका कार्यक्रम तर्फको तपशिलका कृषि वन सम्बन्धी कृयाकलापहरु सञ्चालन गर्नु पर्ने भएकोले झापा जिल्लामा कम्तिमा १ विघा जग्गामा कृषि वन योजना सञ्चालन गर्न ईच्छुक नीजी कृषी वन संचालकहरु सार्वजनीक जग्गामा कृषि वन संचालन गरेका संघसंस्था,संजाल तथा समूहहरुले तोकिएको ढाँचा र तपसिलका शर्तहरु अधिनमा रही निम्न कार्यक्रम मध्ये एक कृषक/संस्थाबाट कुनै एक कार्यक्रमका लागि मात्र प्रस्ताव पेश गर्न यो ७ दिने सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| ब.उ.शि. | कार्यक्रमको नाम | इकाई | परिमाण | स्विकृत रकम (रु) हजारमा |
|---|---|---|---|---|
| ३०७०२१०३३ | कृषि वन प्रणाली प्रबर्धन कार्यक्रम | प्याकेज | १ | २०० |
| ३०७०२१०४४ | कृषि वन विकास तथा विस्तार कार्यक्रम | प्याकेज | १ | ५०० |
| ३०७०२१०४३ | निजी क्षेत्र निजीवन संजालसँग समन्वय गरी कृषि वन प्रवर्द्धन कार्यक्रम | प्याकेज | १ | ३०० |

**शर्तहरु**

क) प्रस्तावको ढाँचा यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ । पेश गरिने प्रस्तावकले फायलको बाहिर प्रस्तावकको नाम,ठेगाना,सम्पर्क नम्बर र प्रस्तावको नाम उल्लेख गर्नु पर्नेछ ।

ख) प्रस्ताव डिभिजन वन कार्यालय,झापा, भद्रपुरमा २०७७।२।२९गते भित्र कार्यालय समयमा पेश गर्नु पर्नेछ । प्रस्ताव पेश गर्दा निम्न बमोजिमको कागजात संलग्न राख्नु पर्नेछ ।

- रु.१० को टिकट टाँसेको आवेदन पत्र,(अनुसुची २ अनुसार), नेपाली नागरीकताको प्रमाणित प्रतिलिपि, (व्यक्तीको हकमा) , संस्थाको हकमा दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि कर प्रमाण पत्र, हालसालको करचुक्ता प्रमाणपत्र, बार्षिक नविकरण , आयकर दर्ता प्रमाण पत्र
- तोकीएको विवरण सहितको व्यवसायीक योजना
- कृयाकलाप संचालन हुने स्थानको जग्गाधनी प्रमाण पत्र , हालसालैको तिरो रसीदको प्रतिलिपी, किता देखीने प्रमाणीत नक्शा

ग) कृषि वन संचालनका लागि तोकिएको जग्गा कम्पनिको आफनो नाममा वा प्रोपाईटर वा संचालक सदस्यको नाममा दर्ता भएको हुनु पर्नेछ ।

घ) हैसीयत बिग्रेको सार्वजनीक जग्गा वा २० प्रतिशत भन्दा कम छत्र घनत्व भएको सामुदायिक वनको क्षेत्रमा कृयाकलाप संचालन गरिने भए संवन्धित समितिको स्विकृती र संवन्धित स्थानिय तह , सब डिभिजन वन कार्यालयको सिफारीस अनिवार्य पेश गर्नु पर्नेछ ।

ङ) कृषि वन संचालनका लागि आवश्यक पर्ने जग्गा खरीद गर्न वा लिजमा लिन प्रस्तावक स्वयंले लगानी गर्नुपर्नेछ । यस्तो खर्च अनुदान रकममा समावेश गर्न पाईने छैन ।

च) कृषि वन संचालनका लागी कृषक/उधमी/सहकारी/संघसंस्थाले माग गरेको अनुदान रकम बराबर शत प्रतिशत थप लागत व्यहोर्नु पर्नेछ ।

छ) अनुदानमा प्राप्त हुने रकमबाट बिऊ,विरुवा खरीद, रोपण, जमीन तयारी,घेराबारा, खोर निर्माण ,मल,प्रविधि विस्तार,सिँचाई,मेसीनरी,औजार लगायतका बस्तु तथा सेवा खरीद गर्न सकीनेछ ।

ज)अनुदान रकम प्राप्त गर्ने प्रस्तावकले सम्झौता भएको पाँच दिन भित्र कार्य शुरु गरी २०७७ असाढ २० गते भित्र कार्य सम्पन्न गरिसकेको हुनुपर्नेछ । समयमा कार्य सम्पन्न नगरेमा अनुदानमा प्राप्त रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ

झ) प्रस्ताव आह्वान सम्बन्धि थप जानकारी चाहिएमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

ञ) प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा हुनेछ ।

ट) अन्य शर्त प्रचलित कानुन ( ऐन नियम, निर्देशिका र कार्यविधि) बमोजिम हुनेछ ।

**सम्पर्कको लागि ठेगाना**
डिभिजन वन कार्यालय,भद्रपुर,झापा
फोन न. ०२३४५५०५३फयाक्स : ०२३४५५१८९, ईमेल : *dfojhapa@gmail.com*

रु.१० को टिकट

अनसुची २

(दफा ४ को उपदफा २ सँग सम्बन्धित)

श्रीमान डिभिजनल वन अधिकृत ज्यू,

डिभिजन वन कार्यालय, झापा ।

बिषय : **प्रस्ताव पेश गरेको बारे** ।

महोदय,

मेरो/हाम्रो उपभोक्ता समिति / फर्म / कम्पनी/ संस्था/ समूह/सहकारीबाट झापा जिल्ला अर्न्तगत................................गा.पा./न.पा. को ....................................स्थानमा कृषि वन स्थापना वा कार्यक्रम संचालन गर्ने लक्ष्य रहेकोले सो का लागि अनुसुची ३ बमोजिमको लागत अनुमान रु................................मध्ये रु.................................मेरै/हाम्रै संस्थाबाट बेहोरी बाँकी रकम रु....................................................अनुदान पाउने व्यवस्थाका लागि तपसिल बमोजिमका कागजातहरु राखी निवेदन पेश गरेको छु / गरेका छौ ।

**संलग्न कागजातहरु :**

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि/नीजी जग्गाको हकमा जग्गाधनी प्रमाण पत्र, हालसालै मालपोत तिरेको रसिदका प्रतिलिपि र जग्गाको नापी नक्शा

२. नीजि जग्गा लिजमा लिएको भए जग्गा धनी र प्रस्तावक बिच अधिकार प्राप्त कानून व्यवसायीले तयार गरेको कम्तिमा १० बर्ष कार्य अवधि रहेको करारनामाको प्रतिलिपी

३. अनुसुची ३ अनुसारको प्रस्ताव

४.आवेदक समूह भएमा दर्ता प्रमाण पत्र ( नविकरण सहित) ,स्थायी लेखा नं. र फर्म, कम्पनी,संस्था वा सहकारी भए कानुन बमोजिम दर्ता भएको दर्ता प्रमाण पत्र , स्थायी लेखा नं./मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र कर चुक्ता भएको प्रमाण पत्रको प्रतिलिपि

५.कार्यक्रम संचालनका लागि खेर गएको सरकारी वा सार्वजनीक निकायको स्वामित्वमा रहेको जग्गा धनी ( अधिकार प्राप्त व्यक्ति) नै प्रस्तावक भएमा सो निकायले संरक्षण तथा उपभोक्ता समिति गठन गरेको निर्णय तथा कृषि पन वाली संरक्षण गर्ने लिखित प्रतिवद्धता ।

६.कार्यक्रम संचालनका लागि खेर गएको सरकारी वा सार्वजनीक निकायको स्वामित्वमा रहेको जग्गा धनी ( अधिकार प्राप्त व्यक्ति) र प्रस्तावक फरक भएमा जग्गाधनी ( अधिकार प्राप्त व्यक्ती) र प्रस्तावक, फर्म/कम्पनी/संस्था/समूह/सहकारी/ बीच अधिकार प्राप्त कानुन व्यवसायीले तयार गरेको कम्तिामा १० बर्ष कार्य अवधि रहेको करारनामाको प्रतिलिपि ।

७. प्राविधिक ज्ञान तथा अनुभव भए त्यसको प्रमाणको प्रतिलिपि

**निवेदक**

नाम,थर :

दस्तखत

पद :

ठेगाना :

संस्था/फर्म/कम्पनी/समूह :

नोट :प्रस्तुत संक्षिप्त ढाँचाको आधारमा छुट्टै सिटमा प्रस्ताव तयार गरी पेश गर्नु पर्ने छ ।

अनसुची ३

(दफा ४ को उपदफा २ सँग सम्बन्धित)

**प्रस्तावको ढाँचा**

१.व्यक्ति/फर्म/कम्पनि/संस्था/समूह/उपभोक्ता समिति/सहकारीको नाम :

२.ठेगाना :

३. कार्यक्रम संञ्चालन हुने क्षेत्रफल :

४. विस्तार हुन सक्ने क्षेत्रफल :

५. कार्यक्रमको पृष्ठभूमि ( सँस्था एवं स्थानको परिचय र अवस्था एंव संभावना )

६. कार्यक्रमको उद्धेश्य : (बढीमा पाँच बुँदामा)

७.कार्ययोजना : क्रियाकलाप ( के, कति ,कहिले,कसरी,कसले) कार्यविधिको दफा ८ बमोजिम संञ्चालन हुने क्रियाकलाप तथा सहजिककरण सेवामा आधारित हुनु पर्ने ।

८. अपेक्षित प्रतिफल : ( गणना गर्न सकिने मात्रा)

९. लागत बजेट :

| क.स. | क्रियाकलापको नाम | जम्मा लागत | समूहनिजीधनीले बेहार्ने | माग गरेको अनुदान | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |

१०. विरुवाको स्रोत प्रमाण :

११. कृषि वनको संरक्षण तथा दिगो पनाको योजना ( संरक्षण योजना,मरेको विरुवाको स्थानमा नयाँ विरुवा रोप्ने र अन्य व्यवस्थापन कार्य कम्तीमा ५ बर्षे कार्ययोजना)

१२. नयाँ सोच केही भएमा उल्लेख गर्ने ।

प्रस्तावकको :

नाम,थर
दस्तखतः
पद :
ठेगाना :
संस्था/फर्म/कम्पनी/समूह :
मिति :
नोट :प्रस्तुत संक्षिप्त ढाँचाको आधारमा छुट्टै सिटमा प्रस्ताव तयार गरी पेश गर्नु पर्ने छ ।

अनसुची ४

(दफा ७ को उपदफा ३ सँग सम्बन्धित)

| क्र.स. | मूल्यांकन आधार | मूल्याङ्कन | | | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| **पुर्व छनौटको आधार** | | | | | |
| १. | कार्यक्रम संञ्चालन गर्ने प्रस्तावित जग्गाको प्रभावकारी क्षेत्रफल | १ देखि २ विघा | २ देखि ५ विघा | ५विघा भन्दा बढिको | |
| | **अङ्कभार** | **८** | **१४** | **२०** | |
| २ | कृषि वन कार्यक्रममा प्राविधिक ज्ञान, सिप र अनुभव | सामान्य तालिम प्राप्त गरेको | न्यूनतम २ बर्षको अनुभव | २ बर्ष भन्दा बढिको अनुभव | |
| | **अङ्कभार** | **८** | **१४** | **२०** | |
| ३ | विरुवाको स्रोत तथा उपलब्धता | मान्यता प्राप्त नभएका र स्थानीयस्तरमा उत्पादीत | मान्यता प्राप्त नभएका र निजीस्तरमा उत्पादीत | सरकारी फर्म/प्रमाणित नर्सरी तथा मान्यता प्राप्त स्रोत केन्द्र | |
| | **अङ्कभार** | **८** | **१४** | **२०** | |
| ४ | कृषि वन कार्यको संरक्षण तथा दिगोपना र निरन्तरता | पेश नगरेको भए | मध्यम स्तरको योजना पेश गरेको | उत्तम स्तरको योजना पेश गरेको | |
| | **अङ्कभार** | **८** | **१४** | **२०** | |
| | **पुर्व छनौटको जम्मा** | **३२** | **५६** | **८०** | |
| **स्थलगत प्रमाणिकरणका आधार** | | | | | |
| ५ | भौगोलिक र वातावरणीय उपयुक्तता | सन्तोषजनक | मध्यम | उत्तम | |
| | **अङ्कभार** | **८** | **१४** | **२०** | |
| | **पुर्व छनौट र स्थलगत प्रमाणिकरणको जम्मा** | **४०** | **७०** | **१००** | |

- यसमा प्रस्तुत आधारहरुलाई मूल्यांकन प्रयोजनका लागि समितिले sub criteria बनाउन तथा सो अनुसार अङ्कभार प्रदान गर्न सक्नेछ ।
- पुर्व छनौटका आधारहरुमा ६० अङ्क ल्याउने प्रस्तावहरुलाई मात्र स्थलतगत प्रमाणीकरणमा लगिनेछ ।
- प्रस्ताव मुल्यांङ्कन प्राविधिक उप समितिले स्थलगत प्रमाणिकरणका आधारहरुलाई बाली अनुसार sub criteria बनाउन तथा सो अनुसार अङ्कभार प्रदान गर्न सक्ने छ ।

अनुसुची ५

(दफा ९ को उपदफा २ सँग सम्बन्धित)

आ.व.२०७६।०७७ को डिभिजन वन कार्यालय,झापा(प्रथम पक्ष) को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गतका कृषि वन प्रवर्द्धन कार्यक्रम/कृषि वन विकास तथा विस्तार कार्यक्रम संञ्चालन प्रयोजनार्थ मिति २०७७...।.... मा गरिएको प्रस्ताव आव्हानको सुचना अनुसार डिभिजन वन कार्यालयको २०७७/..../....को निर्णयले जम्मा लागत रु ................................(अक्षरेपी रु ...........................................मात्र) मध्ये कार्यालयबाट अनुदान रु ................................ अक्षरेपी रु ...........................................मात्र) हुने गरी तपसिल अनुसारको कृषि वन कार्यक्रम सञ्चालन गर्न निम्न अनुसारका शर्तहरुमा मञ्जुरी गरी यो सम्झौता गरिएको छ ।

| क्र.स. | क्रियाकलाप | जम्मा लागत | कार्यालयबाट बेहोर्ने | संस्थाले बेहोर्ने | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | जम्मा | | | | |

१. यो सम्झौता पत्र डिभिजन वन कार्यालय ,झापा (प्रथम पक्ष) र सम्वन्धित ..................... (दोस्रो पक्ष) बिच कृषि वन प्रवर्द्धन गर्ने कार्य सञ्चालनार्थ प्रयोग हुनेछ ।

२. यो सम्झौता दुवै पक्षबाट हस्ताक्षर भएको मिति देखि प्रारम्भ हुनेछ ।

३. दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले ५ (पाँचत) दिन भित्र शुरु गर्नु पर्ने छ

४. प्रथम पक्षले दोस्रो पक्षलाई कार्य सम्पन्न पश्चात अनुगमनका आधारमा सम्झौता बमोजिम अनुदान रकम उपलब्ध गराउने छ ।

५. कार्य सम्पादन प्रगतीको आधारमा प्रथम किस्ता भुक्तानीको लागि दोस्रो पक्षले कम्तिमा ५० (पचास) प्रतिशत कार्य गरेको हुनु पर्नेछ । सम्झौता बमोजिमको कार्य पूरा भए पछि अन्तिम वा दोस्रो किस्ता रकम प्रथम पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

६. प्रथम पक्षको तर्फबाट कार्यक्रम छनौट, अनुगमन कार्यमा स्थलगत भ्रमणमा जाने टोलीलाई दोस्रो पक्षले आवश्यक समय दिइ समन्वय र सहयोग गरीदिनु पर्नेछ ।

७. प्रथम पक्षले दोस्रो किस्ता भुक्तानी गर्दा सम्बन्धित प्राविधिकको मूल्याङ्कन तथा स्थलगत अनुगमन समितिको सिफासिको आधारमा भुक्तानी गरिनेछ । दोस्रो पक्षले प्रथम कार्य गर्दा प्राविधिकको निर्देशनानुसार कार्य गर्नु पर्नेछ ।

८. अन्तिम वा दोस्रो किस्ता भुक्तानी गर्ने सम्बन्धमा प्राविधिकबाट मूल्याङ्कन गराई बिल सहितको कार्य सम्पन्न प्रतिवेदन ( फोटो समेत) तयार गरी दोस्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नु पर्नेछ । प्रथम पक्षले रित पुर्वकको प्रतिवेदन तथा बिलहरु प्राप्त भएपछि भुक्तानीको आवश्यक व्यवस्था मिलाउने छ ।

९. दोस्रो पक्षले कार्य सम्पन्न प्रतिवेदनका साथ नगरपालिका/गाउपालिका/वडाबाट कार्य सम्पन्न भएको सिफारिस पत्र पेश गर्नु पर्नेछ ।

१०. दोस्रो पक्षले कार्यक्रमको प्रगति विवरण मासिक रुपमा डिभिजन वन कार्यालय, झापामा उपलब्ध गराउनु पर्नेछ ।

११. प्रथम पक्षले कार्यक्रमको सम्झौता गर्दा आवश्यक देखेका कुराहरु यस सम्झौताका शर्तको रुपमा थप गरी राख्न सक्नेछ ।

| दोस्रो पक्ष ............................................... का तर्फबाट | प्रथम पक्ष (डिभिजन वन कार्यालय)को तर्फबाट |
|---|---|
| हस्ताक्षर ............................................<br>नाम ......................................<br>पद..........................<br>संस्थाको छाप ............................ | हस्ताक्षर ............................................<br>नाम ......................................<br>पद..........................<br>कार्यालयको छाप ............................ |
| **साक्षीहरु** | |
| हस्ताक्षर ............................................<br>नाम ......................................<br>पद..........................<br>संस्थाको छाप ............................ | हस्ताक्षर ............................................<br>नाम ......................................<br>पद..........................<br>कार्यालयको छाप ............................ |

ईति संवत २०७७..................महिना............गते.........रोजमा शुभम्